नेपाल सरकार
# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

सिंहदरबार,
काठमाडौं, नेपाल ।

पत्र संख्याः-
चलानी नं.:- १२५

नेपाल सरकार शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

मिति २०८२।४।२८
ने.स. ११४५

**विषय : सेवाकालिन तालिम सम्बन्धि सूचना**

शिक्षा तथा मानव स्रोत विकास केन्द्रको पत्र संख्या २०८२।८३, च.नं. ७, मिति २०८२।०४।१६ गतेको पत्र बाट उक्त केन्द्रको आर्थिक वर्ष २०८२।८३ को वार्षिक कार्यक्रमअनुसार दोस्रो त्रैमासिकमा २५ जना र तेस्रो त्रैमासिकमा २५ जनाको लागि सञ्चालन हुने शिक्षा सेवाका स्थानीय तह अधिकृतस्तर छैठौं,सातौँ र आठौँ तहका कर्मचारीहरुका लागि ३० कार्यदिने शैक्षिक व्यवस्थापन सम्बन्धी सेवाकालिन तालिममा सहभागि मनोनयन गरि पठाउन अनुरोध भई आएको छ । उक्त तालिममा सहभागि हुन इच्छुक स्थानीय तहमा कार्यरत कर्मचारीहरुले मिति २०८२।५।१० गते भित्र यस मन्त्रालयको कर्मचारी प्रशासन तथा सुशासन प्रवर्द्धन शाखामा (ईमेल ठेगाना moekapra@gmail.com मा समेत पठाउन सकिने) तपशिल बमोजिमको विवरण सहित निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**तपशिल**

१. अद्यावधिक कर्मचारी वैयक्तित विवरण

२. सम्पर्क नं. र ईमेल ठेगाना

३. कार्यरत स्थानीय तहको सिफारिस पत्र

(पुष्पा घिमिरे)
शाखा अधिकृत

**बोधार्थ**

श्री शैक्षिक प्रविधि तथा विद्युतिय सुशासन शाखा , शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय – सूचना वेबसाईटमा अपलोड गरिदिनुहुन ।

फोन नं.:
वेबसाइटः www.moest.gov.np

प्रशासन महाशाखा


नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
# शिक्षा तथा मानव स्रोत विकास केन्द्र
शैक्षिक व्यवस्थापन तालिम शाखा
सानोठिमी, भक्तपुर, नेपाल

फोन नं. ६६३१०७५, ६६३०७६६, ६६३८१५०
फ्याक्स नं. ६६३०१९३ भवन नं. १, ६६३१४८६ भवन नं. २, ६६३०४५७ भवन नं. ३
Website : www.cehrd.gov.np


पत्र सङ्ख्या : २०८२/०८३
च.नं.: 06

मितिः २०८२।०४।१६

श्री शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
सिंहदरवार, काठमाडौं ।

विषयः स्थानीय तहमा कार्यरत शिक्षा अधिकृतहरुको सेवाकालिन तालिम सम्बन्धमा ।

प्रस्तुत सम्बन्धमा यस केन्द्रको आ.व. २०८२।८३ को वार्षिक कार्यक्रम अनुसार स्थानीय तह अधिकृतस्तर छैठौ, सातौ र आठौ तहका कर्मचारीहरुका लागि ३० कार्यदिने सेवाकालिन शैक्षिक ब्यवस्थापन तालिम कार्यक्रम दोस्रो त्रैमासिकमा २५ जना र तेस्रो त्रैमासिकमा २५ जनाको सहभागितामा सञ्चालन गर्ने कार्यक्रम रहेकाले तहाँबाट स्थानीय तहमा छैठौ, सातौ र आठौ तहमा कार्यरत शिक्षा अधिकृतहरूको मुख्य र वैकल्पिक उम्मेदवार समेत मनोनयन गरी नामावली यस केन्द्रमा पठाइदिनु हुन निर्देशानुसार अनुरोध छ ।

(उमा बुढाथोकी)
शाखा अधिकृत